# सामुदायिक वनः ग्रामीण महिलालाई वरदान

■ **हुमनाथ पौडेल**

बागलुङ जिल्लाको दक्षिण भेगमा अवस्थित कुश्मिसेरा गा.वि.स. पर्वत जिल्लाको सदरमुकाम कुस्माबाट तीन घण्टाको पैदल दूरीमा पर्दछ । यस गा.वि.स. भित्र सानो बजार छ जसलाई 'शेरा बजार' भनिन्छ । यो बजार क्षेत्र भित्र हाईस्कूलका साथै केही स्थानीय तहका सरकारी कार्यालयहरू पनि छन् जस्तैः रेञ्जपोष्ट, भेटनरी । वि.सं. २०५१ साल अघिको अवस्थालाई केलाएर हेर्ने हो भने गाउँ माथिको सालको जङ्गल निजी र अमलाचौर गा.वि.स.को हो भन्ने भावना थियो । अर्काको वनमा उपभोग गर्न पाइँदैन र हुँदैन भन्ने भावना भएको हुँदा कुश्मिसेराका धेरैजसो मानिसहरूलाई घाँस र दाउरा लिन १ घण्टा हिँडेर दमक गा.वि.स.-१ कोप्चेघाट र जिम्रेबोटमा जानु पर्दथ्यो भने केही अन्य घरकुरियाहरूलाई २ घण्टा हिँडेर फुक्दी चौरागको भिरमा जानु पर्दथ्यो । यसरी टाढा गएर घाँस ल्याउनु पर्दा समयको मात्र नोक्सान नभै छिटो-छिटो घाँस काट्दा घाँसको मात्रा र गुणस्तरमा पनि ह्रास आएको थियो भने कति जनाको त भिरबाट लडेर ज्यान समेत गुमेका घटनाहरू यहाँका बासिन्दाले भुल्न सकेका छैनन् ।

वि.सं. २०५१ सालको सुरुवातसँगै सामुदायिक वन (सा.व.) को चर्चा परिचर्चा चल्न थालेको कुरा यहाँका अगुवाहरू बताउँछन् । रेञ्जपोष्टका कर्मचारी र अगुवाहरूको सक्रियतामा हैसियत बिग्रेको वन तथा चउरहरूलाई समेट्दै सिरुपाटा र पल्लोपाखा दुई छुट्टाछुट्टै सा.व. हरूको रुपमा हस्तान्तरण भयो । यी सा.व.लाई संरक्षण गरिदै जाँदा घाँस र दाउराको उत्पादन बढ्दै गयो । अहिले घाँस र दाउरा सङ्कलन गर्न जाँदा आउँदाको समय निकै कम भई २ घण्टाको समय भित्र सङ्कलन समेत गरी घर ल्याउन सकिने भएको छ । फलस्वरुपः महिलाहरूलाई हतार-हतार बिहान झिसमिसेमा उठेर घाँस र दाउरा खोज्न जाने शारीरिक र मानसिक तनाव कम भएको छ । अर्कोतर्फ बचेको समय उनीहरूले विभिन्न खालका सीप सिक्ने तथा अन्य कामकाजमा ध्यान दिन सकेको कुरा बताउँछन् । सा.व. व्यवस्थापन कार्य गर्न लागे पछि त्यसबाट सीप सिकेर अहिले उपभोक्ताहरू आ-आफ्नो निजी जग्गामा समेत रुखविरुवाको व्यवस्थापन गर्न लागि परेका पाइन्छन् । यसले गर्दा हाल आएर सा.व. र निजी पाखाहरूमा समेत बिरुवा रोप्ने, संरक्षण तथा काँटछाँट गर्ने आदि कार्यमा सुधार आएको देखिन्छ जुन काम पहिले कहिल्यै भएको थिएन । यसरी निजी जग्गामा रुख विरुवा तथा बाँसको व्यवस्थापनबाट घाँसको साथै दाउरा निकाल्न सकिने कुरा उपभोक्ता घरकुरियाहरूलाई स्पष्ट थाहा भएको छ । सा.व. बनाउनु भन्दा पहिला रु २००/- पर्ने दाउराको टेको (अन्दाजी २-३ भारी) अहिले रु ७०/- मा दिइँदा पनि किन्न कोही अगाडि सर्दैन । अर्कोतर्फ गाईवस्तु तथा बाख्रापालन व्यवसाय फष्टाउदै जाँदा उपभोक्ताहरू अब डेरी स्थापना र गोवरमलको प्रयोग गरी तरकारी खेती गर्दै आम्दानी बढाएर जीविकोपार्जनमा सुधार ल्याउने जमर्को गरिरहेका छन् ।

यी समूहहरूले गरिब, निम्न तथा विपन्न वर्गका उपभोक्ताहरूको जीवनस्तर उठाउन तरकारी खेती, केरा खेती, कुखुरा, बाख्रा तथा बङ्गुर पालन, चोया पोत्रा बनाउने आदि जस्ता आयआर्जनका कार्यहरू सञ्चालन गर्नुका साथै समूहलाई साक्षर बनाउने दिशा तर्फ अघि बढेको देखिन्छ । अन्ततः 'हामी जस्ताको जीविकोपार्जनमा सहयोग गरेको पाउँदा सा.व. साच्चै हाम्रो लागि नै रहेछ कि भन्ने विश्वास गरेको' त्यहाँका महिला तथा गरिब वर्गका उपभोक्ताहरू बताउँछन् । अर्कोतर्फ जङ्गलको संरक्षण र निजी जग्गामा समेत रुख विरुवाको संख्यामा उलेख्य वृद्धि हुँदा पानीका मूलहरू बढेको उनीहरूको अनुभव छ । शेरा टारका खेतहरू सिंचाइका सुविधाले बाह्रै महिना हरिया देखिनु, सडक निर्माणको सुरुवात हुनु, बढ्दो बजारिकरण र सा.व. बाट घाँस दाउराको सुविधाले त शेरामा छोरी दिन जो कोही

पनि तयार देखिन्छन् किनकि घाँस र पानीको सुविधा भएको ठाँउमा छोरी दिएमा उसले जिन्दागिभरि सुख पाउँछे भन्ने धारण यहाँ व्याप्त छ ।

पल्लोपाखा सा.व. बाट आएको निश्चित आम्दानी गाउँ मै प्रा.वि. स्थापना र स्कुल सञ्चालनमा उपयोग गरिएको छ । जसबाट टाढाको स्कुल जान नसक्ने (४ वर्ष नपुगेका) २०/२५ जना स-साना केटाकेटीहरू आफ्ना दाजु-दिदीहरूसँग नजिकको प्रा.वि.मा जाने गरेका छन् । यसरी वच्चाहरू स्कुल जान थालेपछि उनीहरूले अक्षर, अङ्क, तथा शब्द सिक्दै जानु स्वभाविक हो भने अर्को तर्फ घरमा बच्चा रुङ्गेर बस्नु पर्ने आमा तथा हजुरआमाहरूलाई फुर्सद मिलेको छ । सो समयमा कतिपय आमाले बिभिन्न समूहका बैठकमा भाग लिन पाएका छन् भने कतिले तालीम/गोष्ठिमा सहभागी भएर सीप सिक्न पाएका छन् । अन्ततः सा.व. को माध्यमबाट गाउँले महिलाहरूले पढ्ने लेख्ने तथा बोल्ने कलाहरूको समेत विकास गरेकोमा गर्व गर्दछन् ।

(लेखक कुश्मिसेरा रेन्जपाष्ट स्तरिय सा.व.उ. महासंघका सदस्य हुनुहुन्छ ।)

**बाह्रौं विश्व वन सम्मेलनमा नेपालको सहभागिता**

सन् १९२६ बाट विश्व वन सम्मेलनको आयोजना गर्ने परिपाटी बस्न लागेको पाईन्छ । प्रथम पटक यस्तो सम्मेलन इटलीको रोममा आयोजना भएको थियो । सन् १९४९ देखि यस्तो विश्व वन सम्मेलन प्रत्येक ६/६ वर्षमा आयोजना हुँदै आएको छ । यसै क्रममा बाह्रौं विश्व वन सम्मेलन गत सेप्टेम्बर २१ देखि २८ सम्म उत्तर अमेरिकी राष्ट्र क्यानडाको क्यूवेक सहरमा सम्पन्न भएको छ । विश्व सम्पदा सूचीमा परेको उक्त सांस्कृतिक तथा पर्यावरणीय दृष्टिकोणले सुन्दर सहरमा सम्पन्न भएको यस बाह्रौं विश्व वन सम्मेलनमा संसारभरका १४० राष्ट्रका वन क्षेत्रसँग प्रत्यक्ष सरोकार राख्ने ४,०६१ व्यक्तिहरुले भाग लिएका थिए । यसरी सहभागी हुनेहरुमा सम्बन्धित राष्ट्रका वन, वातावरण तथा प्राकृतिक स्रोतसँग सम्बन्धित मन्त्रीहरु, सरकारी कर्मचारीहरु, अध्ययन अनुसन्धान क्षेत्रमा कार्यरत सङ्घ संस्थाका प्रतिनिधिहरु, वन क्षेत्रसँग सम्बन्धित आदिवासी/जनजाती, महिला, युवा, श्रमिक, आदि समुदायका प्रतिनिधिहरु र सामुदायिक वन (सा.व.) अभियानकर्ताहरु रहेका थिए । उक्त विश्व वन सम्मेलनको आयोजना संयूक्त रुपमा विश्व खाद्य तथा कृषि सङ्गठन र क्यानडा सरकारद्वारा गरिएको थियो ।

उक्त सम्मेलनको मूल नारा 'जीवनको आधारः वन' भन्ने रहेको थियो । यसै मूल नारा अन्तरगत 'मानिसका लागि वन', 'ब्रहमाण्डका लागि वन' र 'मानिस र वनको समन्वय' भन्ने तीनोटा मुख्य विषयवस्तुहरु निर्धारण गरिएको थियो । यी तीनओटा विषयवस्तुहरुसँग सम्बन्धित ४ ओटा साधारण सत्रहरु, ६ ओटा समुहिक सत्रहरु, ३८ ओटा विषयगत सत्रहरु, ५ ओटा भौगोलिक सत्रहरु र १० ओटा समसामयिक सवालका सत्रहरु आयोजना भएका थिए । यस बाहेक यस सम्मेलनको सबै भन्दा महत्वपूर्ण सिकाइमूलक सत्रको रुपमा क्षेत्रगत छलफलहरु रहेका थिए । यसैगरी उक्त सम्मेलनमा ४ दिनसम्म वन क्षेत्रसँग सम्बन्धित विषयवस्तुहरुको भब्य प्रदर्शनी आयोजना गरिको थियो । यस विश्व वन सम्मेलनमा नेपालको तर्फबाट सरकारी कर्मचारीहरु, नागरिक समाजका सा.व. अभियानकर्ताहरु र परियोजनाका प्रतिनिधिहरु गरेर २३ जना व्यक्तिहरुले भाग लिनु भएको थियो ।

"सामुदायमा आधारित वन व्यवस्थापन" नाम दिएको विश्व सम्मेलनमा प्रायः दैनिक रुपमा आयोजना गर्ने गरेको क्षेत्रगत छलफलमा नेपालको सा.व.का सफलता, सिकाइ, चुनौती र सुझावहरुकोबारेमा अनुभवहरु आदान-प्रदान भएको थियो । त्यसैगरी नेपालमा गरिब समुदायले व्यवस्थापन गरेको कबुलियती वनका सफलताहरुको बारेमा पनि उक्त सम्मेलनमा कार्यपत्रहरु प्रस्तुत भएका थिए ।

सम्मेलनको अन्त्यमा बाह्रौं विश्व वन सम्मेलनको तर्फबाट अन्तिम घोषणा-पत्र जारी गरिएको छ, जसमा वनको माध्यमबाट सामाजिक न्याय, आर्थिक उन्नती, दिगो वन व्यवस्थापन, सुशासन, सरकारहरुका बीच सहकार्य, शिक्षा, क्षमता अभिबृद्धि र अनुसन्धान गर्नुपर्ने कुरालाई प्रमुख प्राथमिकतामा राखिएको छ । उक्त घोषणा-पत्रमा उल्लेखित कतिपय कार्यहरु नेपालमा सा.व. को माध्यमबाट अगाडि बढि रहेको भए पनि अझ प्रभावकारी बनाउन सबै पक्षका बीचमा सहकार्य हुनुपर्ने देखिन्छ । **(प्रस्तुती : दिलराज खनाल)**